SuryaJyoti
जीवनको लागि

च.नं. २२०६/२०७९/८०

मिति: २०८०/०१/१३

नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय: कम्पनीको १५ औं बार्षिक साधारण सभा बस्ने तथा शेयर नामसारी दाखिल खारेज बन्द हुने सम्बन्धमा ।

महोदय,

यस कम्पनीको मिति २०८०/०१/११ गते अपरान्ह ४:०० बजे बसेको संचालक समितिको ३४६ औं बैठकको निर्णयानुसार आगामी मिति २०८०/०२/०४ गते बिहिबार, होटल हैरिसन प्यालेस, विराटनगरमा बिहान १०:०० बजे कम्पनीको १५ औं वार्षिक साधारण सभा गर्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

कम्पनीको उक्त बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०१/२१ गते एक दिनका लागि शेयर नामसारी दाखिल खारेज कार्य बन्द (Book close) गर्ने निर्णय भएको ब्यहोरा समेत अनुरोध गर्दछौं ।

संलग्न:
वार्षिक साधारण सभा सम्बन्धी कारोवार दैनिकमा
मिति २०८०/०१/१३ गते प्रकाशित सूचनाको प्रतिलिपि थान - १

भवदिय,

भरत के.सी.
कम्पनी सचिव

SuryaJyoti
Life Insurance Co. Ltd.

**SuryaJyoti Life Insurance Co. Ltd.**
Level 2, Shanta Plaza, Gyaneswhor, Kathmandu, Nepal
P.O. BOX: 19433 info@suryajyotilife.com 01-4545947/48 www.suryajyotilife.com
*Company formed after merger of Surya Life and Jyoti Life Insurance Co. Ltd.*

कारोबार दैनिक मिति २०८० बैशाख १३

# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# पन्ध्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८०/०१/१३*

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०१/११ गते सोमबार (तदनुसार २४ अप्रिल २०२३) का दिन बसेको संचालक समितिको ३४६ औं बैठकको निर्णय बमोजिम कम्पनीको पन्ध्रौं बार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति: २०८० साल जेष्ठ महिना ०४ गते (तदनुसार १८ मई २०२३) बिहिबार**

**स्थान: होटल हैरिसन प्यालेस, विराटनगर**

**समय: बिहान १०:०० बजे**

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्ताव**

१) कम्पनीको पन्ध्रौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७८/०७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

४) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७९/०८० को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने ।

५) संस्थापक शेयरधनी समुह 'क' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनी समुह 'ख' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने ।

६) सञ्चालक समितिमा रिक्त स्वतन्त्र सञ्चालकको पदमा भएको नियुक्तिको जानकारी तथा अनुमोदन गर्ने ।

**ख) बिशेष प्रस्ताव**

१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन सम्बन्धमा कम्पनीको नियमावलीको नियम ३१ मा आवश्यक संशोधन गर्ने ।

२) कम्पनीको प्रवन्धपत्र/नियमावलीको संशोधनमा सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७८।०७९ मा साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।

४) कम्पनीको सञ्चालक समितिका सदस्यहरु तथा अन्य समिति/उप समितिका सदस्यहरुले प्राप्त गर्ने बैठक भत्ता तथा अन्य सुविधा परिमार्जन गर्ने ।

**ग) विविध**

संचालक समितिको आज्ञाले

**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी जानकारी

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, जारी प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

३) सभा हुने दिन सभामा सहभागीताका लागि सभा संचालन अवधि सम्मको लागि खुल्ला रहने छ ।

४) कम्पनीको शेयर दाखिल खारेज/शेयर कारोबार मिति २०८०/०१/२१ गते एक दिन बन्द गरिने छ ।। शेयर दाखिला खारेज बन्द हुने अघिल्लो दिन अर्थात मिति २०८०/०१/२० गते सम्म नेपाल स्टक एक्स्चेन्ज लि. मा कारोबार भई सो को ७ दिन भित्र दाखिल खारेजको लागि शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त विवरणको आधारमा शेयरधनीको रेकर्ड कायम गरिने छ । सोही बमोजिम कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन् ।

५) कम्पनीलाई उपलब्ध ठेगानामा सकभर शेयरधनी माहनुभावहरुलाई बार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । कुनै कारणबस उक्त पुस्तिका नपाएमा कम्पनीको कर्पोरेट कार्यालयबाट तथा एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त गर्न सकिने छ ।

६) सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी (विभाजन नहुने गरी) प्रतिनिधी(पत्र (प्रोक्सी फारम) भरी मिति २०८०/०२/०१ गते अपरान्ह ५ बजे भित्र कम्पनीको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

७) नाबालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउनेछन् ।

८) कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता प्रोक्सी मान्य हुनेछ र निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

९) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

१०) सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा सहभागी हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ ।

११) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा सोको सुचना मिति २०८०/०२/०१ गते अपरान्ह ५:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

१२) कुनै संगठीत संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१३) छलफलका विषय मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई छलफलको विषय लिखित रुपमा पेश गर्नु पर्नेछ ।

१४) संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सुचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सुचना तथा कार्यक्रम कम्पनीको कर्पोरेट कार्यालय, काठमाण्डौको सुचना पाटिमा टाँस गरिनेछ ।

१५) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कर्पोरेट कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

**पुनश्च:** बार्षिक प्रतिवेदन लगायतका सूचनाहरु कम्पनीको वेभसाईट www.suryajyotilife.com मा समेत हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

SuryaJyoti
जीवनको लागि

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
रजिष्टर्ड कार्यालय: विराटनगर-७, मोरङ
कर्पोरेट कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौं
सम्पर्क : ०१-४५४५९४१/४५४५९४२
Website: www.suryajyotilife.com